प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय
# लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या : योजना /०७७/७८

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०७/१७ गते सोमबार

यस कार्यालयको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकार तथा संघीय सशर्त कार्यक्रम तर्फका तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्न रोल्पा जिल्ला स्थित ईच्छुक सामुदायिक वन तथा कबुलियती वन समूह, कृषक समूह वा जडिबुटि तथा गैरकाष्ठ वन पैदावार व्यवसाय सँग सम्बन्धित संघ संस्था, व्यवसायी, उद्यमी, सहकारी एवं किसानहरुले ३० दिन भित्र (मिति २०७७/०७/१७ देखि २०७७/०८/१७ गते बुधवार कार्यालय समय भित्र) तोकिएको ढाँचा (Format) मा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | कार्यक्रमको नाम | वजेट रु. लाखमा | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | जडीवुटी खेती विस्तार | ७ | क्लस्टर | २ | प्रदेश सरकार |
| २ | जडीवुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम प्रवधर्नमा सहयोग (संकलन, प्रशोधन, व्यवसायिकरण संवन्धी र पुर्वाधार निर्माण समेत) | २० | संख्या | २ | प्रदेश सरकार |
| ३ | वन उद्यम प्रवर्धनमा सहयोग | २० | संख्या | १ | प्रदेश सरकार |
| ४ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार, भण्डारण | १५ | क्षेत्र | १ | संघ शसर्त अनुदान |
| ५ | सहकारी मार्फत जडीवुटीको उत्पादन, खेती विस्तार, भण्डारण, प्रशोधन र बजारीकरण | १० | गोटा | १ | संघ शसर्त अनुदान |
| ६ | पकेट क्षेत्रमा जडीवुटी खेती विस्तार | ५ | क्लस्टर | १ | संघ शसर्त अनुदान |

१. प्रस्तावको ढांचा (Format) यस कार्यालयको वेवसाइड : **www.dforolpa.gov.np** बाट डाउनलोड गर्न वा यस कार्यालय वा मातहतका सव डिभिजन वन कार्यालयहरुमा सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

२. प्रस्ताव दाखिला गर्दा निम्न बमोजिम कागजातहरु पेश गर्नु पर्नेछ ।

क. आवेदन पत्र

ख. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी (व्यक्तीको हकमा)

ग. संस्था/सहकारी/उद्यम भएमा दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी तथा करचुक्ता प्रमाणपत्र

८८/८/१८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
## लिवाङ, रोल्पा

"सम्वृद्धीको लागि वन"

पत्र संख्या : योजना /०७७/७८

घ. प्रस्ताव योजना (लाभान्वित घरधुरी संख्या, कार्यान्वयन पश्चातको प्रतिफल, कार्यक्रमको निरन्तरता कसरी हुन्छ, मर्मत संभार कसले गर्ने, संचालन कसले कसरी गर्ने तथा स्वामित्व कसको रहने यी सबै विवरण ब्यबसायीक योजनामा समावेश हुनु पर्ने )

ङ. सम्बन्धित न.पा./गा.पा. वा वडा कार्यालयको सिफारीस पत्र

च. सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफरिस पत्र

छ. संयुक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्तावक बीच भएको संझौता पत्र

ज. जडीवुटी तथा गैरकाष्ठ बन पैदावारमा आधारित उद्यम/ प्रशोधन केन्द्र स्थापना गरिने जग्गाको जग्गाधनी प्रमाणपुर्जा र तिरो तिरेको रसिदको प्रतिलिपी

झ. जडिबुटी भण्डारण/प्रशोधन केन्द्र स्थापना/खेती विस्तार/भण्डारण/प्रशोधन र बजारीकरण गरिने जग्गा अन्य ब्यक्ति वा संस्थाको नाममा भए निज संग गरेको संझौता पत्र

ञ. निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको नक्सा, जग्गाधनी प्रमाणपुर्जा र तिरो तिरेको रसिदको प्रतिलिपी

ट. सामुदायिक वन समुह वा कबुलियती वन समुहको हकमा आमभेलाबाट/कार्य समितिबाट निर्णय गरी सोको प्रतिलिपी

३. प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्यांकन गरी उत्कृष्ट प्रस्ताव छनौट गरिने छ ।

४. प्रस्तावहरु प्रथम पटक सूचना प्रकाशित मितिले ३० दिन भित्र कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ ।

५. पकेट क्षेत्रमा जडीबुटी खेती गरिने प्रजाती भन्नाले जिल्ला स्तरीय जडिबुटी फोकल टिमले निर्णय गरेका टिमुर, पदमचाल, तेजपात लगायतका प्रजातीहरु जनाउने छ ।

६. प्रस्तावकले कुल लागतको कम्तिमा १५% वा सो भन्दा बढी रकम खर्च गर्नु पर्नेछ । जडिबुटी तथा गैरकाष्ठ वन पैदावार प्रवर्धन, उद्यम विकासको लागि क्षमता र उपयुक्तताको आधारमा कुल लागतको बढीमा ५०% सम्म मात्र अनुदान दिन सकिने छ ।

८. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

९. म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरुलाई मान्यता दिईनें छैन ।

१०. माथी उल्लेखित ६ वटा कार्यक्रमहरुको छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।

११. अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधी बमोजिम हुनेछ ।

१२. यस सम्बन्धी थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयमा फोन नं. ०८६–४४०११२ मा वा कार्यालयका सूचना अधिकारी बाबुराम पोखेलको मोबाइल नं. ९८५७८७७०१८ मा सम्पर्क राख्न सकिने छ ।

०७८।६।१६

दधिलाल कँडेल
डिभिजनल वन अधिकृत